# कोषको स्वीकृत अस्थायी व्यवस्थापन तथा सङ्गठन संरचना (O&M) अनुसार उपकार्यकारी निर्देशक, सहायकस्तर चौथो तथा कम्प्युटर अपरेटरको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

## १. उपकार्यकारी निर्देशकको प्रमुख कार्य जिम्मेवारी

- समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,
- कार्यकारी निर्देशकसँगको समन्वयमा कोषको अल्प, मध्य र दीर्घकालीन योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने,
- कोषको स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,
- आफु मातहतका कर्मचारीहरूको दैनिक कार्यको सुपरिवेक्षण तथा निरिक्षण गरी कोषको उद्देश्य अनुरूप कार्यसम्पादनसँग तालमेल मिलाउने,
- कोषको ऋण, अनुदान, तालिम तथा सहयोगमा कार्यान्वयन गरिएका स्वरोजगार सम्बन्धी कार्यक्रमहरूको निरिक्षण गरी त्यसको प्रगति विवरण पेस गर्ने,
- कोषले संचालन गरेका कार्यक्रमहरूको वार्षिक तथा आवधिक प्रतिवेदन तयार गरी पेस गर्ने,
- कार्यकारी निर्देशकको अनुपस्थितिमा निजले सम्पादन गर्दै आएको कार्यहरू सम्पादन गर्ने,
- प्रचलित कानून, नीति र प्रदेश सरकारको निर्णय तथा आदेश बमोजिम तोकिएका कार्यहरू गर्ने।

## २. सहायक चौथो पदको कार्य जिम्मेवारी

- शाखाको कार्य जिम्मेवारी सम्बद्ध विषयहरूमा शाखाप्रमुख/निर्देशकलाई सहयोग गर्ने,
- कोषको कार्यालयमा आउने चिठिपत्रको अध्ययन गरी टिप्पणी उठान, निर्णयको व्यहोरा पत्राचार लगायतका कार्यहरूमा शाखा प्रमुखलाई सहयोग गर्ने,
- कार्यकारी निर्देशक र शाखा प्रमुखबाट निर्देशन भए बमोजिमका अन्य कार्यहरू गर्ने,
- दर्ता चलानी फाईलिङ्ग प्रतिवेदन तयारी कार्यहरु गर्ने,
- तोकिए बमोजिमका अन्य आवश्यक कार्यहरू गर्ने।
- स्वरोजगार र तालिम सम्बन्धी प्रगतिको विवरण संकलन र अध्यावधिक गर्ने ।
- कोषको कार्यप्रगति तथा कार्यसम्पादनको अवस्थाको सम्बन्धमा अन्तरशाखासँगको समन्वयमा प्रतिवेदन तयारी गरी सूचना उपलब्ध गराउने,

## ३. कम्प्युटर अपरेटर पदको जिम्मेवारी

सुदूरपश्चिम प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष
धनगढी, कैलाली, नेपाल

- कोषको PLMBIS सञ्चालन गर्ने,
- कार्यालयको वेवसाइट, इ-हाजिरी लगायत विद्युतीय सूचना प्रणालीको व्यवस्थापन गर्ने,
- कोषको Email, Internet, Browser आदि सम्बन्धी कार्य गर्ने,
- कोषको स्वचालन प्रणाली सम्बन्धी कार्य गर्ने,
- कोषको कार्यप्रगति तथा कार्यसम्पादनको अवस्थाको सम्बन्धमा अन्तरशाखासँगको समन्वयमा प्रतिवेदन तयारी गरी सूचना उपलब्ध गराउने,
- कोषको बजेट कार्यान्वयनको समीक्षा कार्यको लागि आवश्यक सूचना उपलब्ध गराउने,
- प्रत्येक वर्ष बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा कार्यकारी प्रमुखको निर्देशन र आदेशानुसार निर्देशकसँगको समन्वयमा कोषको वार्षिक बजेट तथा कार्यक्रम प्रस्ताव गर्ने,
- पूर्व बजेट छलफल, बजेट तथा कार्यक्रम प्रविष्टिको क्रममा कार्यकारी निर्देशक, उपकार्यकारी निर्देशक, निर्देशक लगायतका कर्मचारीहरूलाई सहयोग गर्ने,
- तोकिए बमोजिमका अन्य आवश्यक कार्यहरू गर्ने।